तानसेन नगरपालिका

HEIFER INTERNATIONAL NEPAL

Rural Economic Development Association (REDA)

## "कृषि तथा पशु उद्यमशीलता विकास परियोजना" अन्तरगतका कार्यक्रमका लागि आवेदन माग सम्बन्धि सुचना !

मितिः २०७८/१०/२१

तानसेन नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक सहयोग र "ग्रामिण आर्थिक विकास संघ (रेडा), पाल्पाको सहजिकरणमा संचालित **"कृषि तथा पशु उद्यमशीलता विकास परियोजना"** को मुख्य लक्ष्य लक्षित परिवारहरुको वार्षिक आम्दानीमा वृद्धि गरी जिविकोपार्जन सुधार गर्नु रहेको छ । यस परियोजनाको निर्दिष्ट उद्देश्यहरुमा आवद्ध महिला लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरु तथा सहकारीमा आवद्ध गरी सामाजिक पूँजीको अभिवृद्धि गर्नु, सुधारिएको बाखा/बंगुर व्यवस्थापन, दुध तथा तरकारी उत्पादन र अन्य सम्भावित क्षेत्रहरुमा उन्नत प्रविधिहरुको अनुसरणबाट उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गर्नु र विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण श्रृजना गर्नु रहेको छ ।

यसै अन्तरगत संचालन गरिने **महिला तथा युवा लक्षित कार्यक्रम**का लागि **कृषि तथा पशुपंक्षी संग सम्बन्धित व्यवसाय** गरिरहेका वा गर्ने योजना बनाएका तानसेन नगरपालिकामा बसोबास गर्ने युवा उद्यमीलाई आवेदन पेशका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**आवेदन पेश गर्नका लागि पूरा गर्नुपर्ने न्युनतम मापदण्डहरुः**

- कृषि तथा पशुपंक्षी संग सम्बन्धित व्यवसाय गरिरहेका वा गर्ने योजनामा रहेका १८-४५ वर्ष उमेर समुहका युवाहरु (महिला, पुरुष वा अन्य)
- तानसेन नगरपालिका भित्र स्थाई बसोबास भएका नेपाली नागरिक
- मुख्य पेशाको रुपमा कृषि र पशुपंक्षीपालन वा तत्संग सम्बन्धित व्यवसाय गरिराखेका
- समुहमा आवद्ध भई काम गर्न इच्छुक
- नवीनतम् कृषि वस्तु उत्पादन सम्बन्धि व्यवसायलाई प्राथमिकता दिईने साथै बैदेशिक रोजगारीबाट फर्केर कृषि तथा पशुपंक्षी संग सम्बन्धित व्यवसाय गरिरहेका युवालाई बिशेष प्राथमिकता दिइने
- उल्लेखित विवरण पूरा गरेका युवा व्यवसायीहरुले तपशिल बमोजिमका कागजात सहित **वडा कार्यालय**मा आवेदन पेश गर्न अनुरोध गरिन्छ

**आवेदन पेश गर्ने अन्तिम मितिः** सुचना प्रकाशन भएको मितिले १० दिन भित्र ।

**आवेदन पेश गर्ने स्थानः** सम्बन्धित वडा कार्यालयहरु

*आवेदनको ढाँचा वडा कार्यालयमा उपलब्ध हुनेछ ।*

**आवश्यक कागजातहरुः**

१. नागरिकताको फोटोकपि
२. पूर्ण रुपमा भरिएको आवेदन फारम

**सम्पर्क नं.:** ०७५ ५२१६१०, ९८५७०६५२६७, ९८४४७८९७५८

ग्रामिण आर्थिक विकास संघ (रेडा) Rural Economic Development Association (REDA) स्था: २०५५ पाल्पा

तानसेन नगरपालिका

HEIFER INTERNATIONAL NEPAL

Rural Economic Development Association (REDA)

## आवेदन दिन सकिने कार्यक्रमहरु:

१. समुहगत रुपमा बेसार खेति (समुहका सदस्यले एकै क्षेत्रमा कम्तिमा २०० रोपनीमा लगाउनु पर्ने):

२. समुहगत रुपमा अकबरे खुर्सानी खेति:

३. उपहार मोडेलमा साना पशुको खोर निर्माण तथा सुधार कार्यक्रम (समुहमा आउनेलाई प्राथमिकता दिइनेछ)

४. गाई भैसीको थरी तथा भकारो सुधार:

५. नमुना बाख्रा फर्म स्थापना /प्रवर्द्धन सहयोग कार्यक्रम

६. कम्तिमा ५-१० माऊ बाख्रापालन सहयोग कार्यक्रम (समुहमा आउनेलाई प्राथमिकता दिइनेछ)

७. नमुना बंगुर फार्म स्थापना / प्रवर्द्धन कार्यक्रम

८. कम्तिमा ३-५ माऊ बंगुरपालन सहयोग कार्यक्रम (समुहमा आउनेलाई प्राथमिकता दिइनेछ)

९. युवाहरु मार्फत व्यवसायिक मौरीपालन प्रवर्द्धन सहयोग कार्यक्रम ।

१०. युवाहरु मार्फत नमुना फर्म स्थापना सहयोग कार्यक्रम सिटाके च्याउ खेती प्रवर्द्धन कार्यक्रम

११.डेरी व्यवसाय स्थापना/संचालन सहयोग कार्यक्रम

१२. घाँसको स्रोत केन्द्र स्थापना कार्यक्रम

१३. व्यवसायिक तरकारी खेति (समुहमा आउनेलाई प्राथमिकता दिइनेछ)

१४. साझेदारीमा विधुतबाट सञ्चालन हुने साइलेज बनाउने मेसिन कार्यक्रम:

१५. ५०% साझेदारीमा विधुतबाट सञ्चालन हुने घास काटने मेसिन सहयोग कार्यक्रम हाल भएको पशुवस्तुको विवरण

१६. समुहमा आबद्ध भई कम्तिमा ५० स्थानीय जातको कुखुरापालन सहयोग कार्यक्रम

१७. ५०% लागत साझेदारीमा १००% को बोर बोका सहयोग कार्यक्रम

१८. परियोजना क्षेत्रमा संकलन केन्द्र निर्माण

१९. कृत्रिम गर्भाधान सेवा प्रवाहका लागि उपकरण तथा सामाग्री सहयोग कार्यक्रम

२०. समुह तथा सहकारी मार्फत ग्रमीण क्षेत्रका दुग्ध संकलन केन्द्रका लागि उपकरण तथा सामाग्री सहयोग कार्यक्रम